# पाल्हीनन्दन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पाल्हीनन्दन, नवलपरासी, ५ नं. प्रदेश

# शिलबन्दी बोलपत्र/दरभाउपत्र आब्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/९/२४

यस पाल्हीनन्दन गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७६/०७७ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत बार्षिक कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापटाको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्यअभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी/वोलपत्र दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. सम्बन्धित कागजातहरु संलग्न राखी यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३०औं दिनसम्म तथा दरभाउपत्रको हकमा १५ औं दिनसम्मयस कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजश्व संकलन खाता नं.२४८०३०००००००४००२००१ मा जम्मा गरेको भौचर सहित वोलपत्र/दरभाउ सम्बन्धी प्रकाशित सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. सिलबन्दी वोलपत्र/दरभाउपत्र खरीद गर्दा आ.व.०७६/७७ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखानम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. खरीद गरिएका वोलपत्र/दरभाउपत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी वोलपत्र/दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १६ औं दिन तथा बोलपत्रको हकमा ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुनआएका सिलबन्दी वोलपत्र/दरभाउपत्र सोहीं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र/दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । वोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुकौ रोहवरमा वोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी सिलबन्दी वोलपत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. सिलबन्दी वोलपत्र/दरभाउपत्रको प्रत्येक आइटमको दर भ्याट बाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । सिलबन्दी वोलपत्र दरभाउपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

७. सिलबन्दी वोलपत्र/दरभाउपत्र साथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिको कार्यालय, पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३००००००००३००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी वोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा दरभाउको हकमा ७५ र वोलपत्रको हकमा १२० दिन म्यादभएको बाणिज्य वैंकवाट जारी भएको वैंक जमानत (Bid Bond) संलग्न हुनुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्यअवधि ४५ दिनहुनेछ र बोलपत्र को ९० दिन हुने छ ।

८. कुनै पनि सिलबन्दी वोलपत्र/दरभाउपत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र सिलबन्दी वोलपत्र/दरभाउपत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी वोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखीकुनै कारण जनाई वा नजनाई सिलबन्दी वोलपत्र/दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. सिलबन्दी वोलपत्र/दरभाउपत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१४. सिलबन्दी वोलपत्र दरभाउपत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१५. यस पाल्हीनन्दन गाउँकार्यपालिकाको आर्थिक ऐन अनुसार तोकेको व्यवसायी कर तिरेको रसिद अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

## बोलपत्र/शिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण :

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक) | धरौटी रकम (रु.) | वोलपत्र/सिलबन्दी दरभाउपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०७/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ४ , सत्यनारायण पासीको घर देखि जयचन्द्रको घरसम्म आर सी सी ढलान गर्ने कार्य । | ८,५९,१८०।३४ | २४,५००।०० | १,०००।०० |
| २ | ०८/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ३, सिद्धार्थ मा बि को छत ढलान गर्ने कार्य । | ८,५९,१८०।३४ | २४,५००।०० | १,०००।०० |
| ३ | ०९/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. १ ,सोलार लाइट जडान गर्ने कार्य । | ११,५९,८९३।४६ | ३३,०००।०० | १,०००।०० |
| ४ | १०/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ४ , लोहरौली शिव मन्दिर मा भैतिक संरचना निर्माण गर्ने कार्य । | १२,८८,७७०।५१ | ३६,०००।०० | १,०००।०० |
| ५ | ११/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं.४ , जनता मा बि लोहरौली मा कक्षा कोठा व्यवस्थापन तथा बाउन्ड्री निर्माण गर्ने कार्य । | १२,८८,७७०।५१ | ३६,०००।०० | १,०००।०० |
| ६ | १२/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ५ , विष्णुपुरा देखि बैरवा जोड्ने सडकमा कालो पत्र गर्ने कार्य । | १६,९५,५७५।२२ | ४८,५००।०० | १,०००।०० |
| ७ | १३/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ४ ,पाल्ही आयुर्वेद औषधालय भवन निर्माण गर्ने कार्य । | १७,१८,३६०।६८ | ४९,०००।०० | ३,०००।०० |
| ८ | १४/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ४ ,जित वहादुर गोसईको घर देखी उत्री प्रसाद हरिजनको घर सम्म ढल निकास तथा आर सी सी ढलान गर्ने कार्य । | २१,४७,९५०।८५ | ६१,०००।०० | ३,०००।०० |
| ९ | १५/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ३, को वडा कार्यालय भवन निर्माण गर्ने कार्य । | ५४,५५,७९५।१७ | १,५५,०००।०० | ३,०००।०० |
| १० | १५/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ३, अधुरो बहुउद्देशीय सभाहल निर्माण गर्ने कार्य, विजयपुर । | ५७,९९,४६७।३० | १,६४,०००।०० | ३,०००।०० |
| ११ | १७/०७६/७७/ PNRM/NCB | वोलपत्र/ दरभाउपत्र | वडा नं. ४, पाल्ही कोटही काली मन्दिर क्षेत्रमा भौतिक संरचना निर्माण गर्ने कार्य । | ६३,८५,८५७।८९ | १,८१,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**